# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८३/०२/१३

गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखराको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय प्रवर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग अनुदान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३** बमोजिम रीतपूर्वक यस मन्त्रालयमा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि मन्त्रालयको वेवसाइट- mosd.gandaki.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल

१. कार्यक्रमको नामः **अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय प्रवर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग अनुदान कार्यक्रम.कार्यान्वयन मापदण्ड, २०८३**

२. प्रस्ताव पेश गर्ने निकायः सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको सामाजिक विकास महाशाखा ।

३. पेश गर्नुपर्ने कागजातहरु:

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख. अपाङ्गता परिचय पत्रको प्रतिलिपी तथा अभिभावकको हकमा नाता खुल्ने प्रमाणित कागजातको प्रतिलिपि

ग. अनुसूची १ बमोजिमको ढाँचाको व्यवसायिक योजना,

घ. उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपि,

ङ. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

च. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

छ. आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्रको प्रतिलिपि,

ज. उद्योग/व्यवसायको लागि आवश्यक प्रविधि/औजार/उपकरण र सोको लागत रकम खुल्ने कोटेशन सहितका कागजातहरु

झ. सम्बन्धित स्थानीय तहवाट सम्बन्धित व्यक्ति/समूहले यस अगाडि अनुदान सहयोग नपाएको व्यहोरा सहितको सिफारिस पत्र

ञ. यस अगाडि सरकारी निकाय वा अन्य कुनै संस्थाहरुबाट कुनै पनि प्रकारको अनुदान सहयोग प्राप्त नगरेको भनि सम्बन्धित व्यक्ति/समूहको तर्फबाट गरिएको स्वघोषणा पत्र

ट. सम्बन्धित व्यक्ति/समूहले मन्त्रालयबाट प्राप्त हुने अनुदान रकममा कम्तीमा १० प्रतिशत साझेदारी गर्न सक्ने प्रतिवद्धता पत्र

ठ. उपलब्ध गराइने प्रविधि सहयोग अनुदान रकमः उल्लेखित मापदण्डको दफा ७ मा उल्लेख भए बमोजिम हुने।

ड. प्रस्ताव पेश गर्ने अन्तिम मितिः- मिति २०८३/०२/२७ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक विदा पर्न गएका सोको भोलीपल्ट कार्यालय समयभित्र ।